प्रति साधारण शेयर रू. १००/- अंकित दरको ११,५३,४१२ कित्ता शेयरहरूको हकप्रद निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रू. १००/- प्रति साधारण शेयरको दरले

साना किसान विकास बैंक लि.

Sana Kisan Bikash Bank Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त विकास बैंक

तिनकुने, काठमाडौं, नेपाल फोन नं. : ०१-४१११८२८, फ्याक्स नं : ०१-४१११९०१

Email:skbbl@wlink.com.np, web site: www.skbbl.com.np

को

धितोपत्र बिक्री खुल्ला अवधि

निष्काशन खुल्ला मिति : २०७२/०८/२५ गते

निष्काशन बन्द हुने मिति : २०७२/०९/३० गते

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

विद्यमान चुक्ता पुँजी रू. २३,०६,८२,३००/- मा २ : १ (अर्थात् विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको दरले) को अनुपातमा मिति २०७२/०८/०८ गते भन्दा अधिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम शेयरधनीहरूका लागि रू. ११,५३,४१,२००/- कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

श्री नेपाल धितोपत्र बोर्डबाट "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७२/०६/२९ गते ।

१) कम्पनीको नाम:

साना किसान विकास बैंक लिमिटेड (Sana Kisan Bikas Bank Limited)

२) कम्पनीको रजिष्टर्ड कार्यालय :

यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय का.म.न.पा. वडा नं. ३५, तिनकुने, काठमाडौंमा रहेको छ ।

३) कारोबार स्थान :

यस विकास बैंकले का.म.न.पा. वडा नं. ३५, सुविधानगर, तिनकुने, काठमाडौंमा आफ्नो केन्द्रीय कार्यालय खोली राष्ट्रियस्तरमा थोक लघुवित्त सम्बन्धी कारोबार गरिरहेको छ । यसका साथै यस विकास बैंकले विर्तामोड, इटहरी, जनकपुर, हेटौंडा, बुटवल, गजुरी, पोखरा, नेपालगञ्ज र अत्तरियामा शाखा समेत खोली आफ्नो कार्यक्षेत्र नेपालभर कारोवार गर्दै आएको छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही थप शाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ ।

४) कम्पनीको संक्षिप्त परिचय र उद्देश्य:

संक्षिप्त परिचय: साना किसान बिकास बैंक लिमिटेड राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकको रुपमा कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५८/०३/२२ मा दर्ता नं. ७९२ बाट दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०५८/११/२७ गतेदेखि विधिवत वित्तिय कारोबार गर्न ईजाजतपत्र प्राप्त गरी मिति २०६३/०१/२० मा 'घ' वर्गको लघुवित्त विकास बैंकको इजाजतपत्र प्राप्त गरेको छ । कृषि विकास बैंक लि., नेपाल बैंक लि., नबिल बैंक लि. तथा साना किसान सहकारी संस्थाहरु, प्रतिष्ठित बैंकरहरु, चार्टर्ड एकाउण्टेन्टहरु र उच्च तहका व्यवस्थापकहरुद्वारा प्रवर्धित यस लघुवित्त विकास बैंक स्थापनाको १३ बर्षमा सफलतापूर्वक प्रतिष्ठीत थोक लघुकर्जा प्रदायक लघुवित्त विकास बैंकको रुपमा स्थापित भैसकेको छ ।

उद्देश्यहरु: लघुवित्त विकास बैंकको प्रवन्ध पत्रको दफा ३ र नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस लघुवित्त विकास बैंकको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरू र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरूलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने ।

(ख) नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरूप सहकारी संस्था तथा लघुवित्त संस्थाहरूको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार, प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउन सहयोग पुर्‍याउने ।

(घ) संस्थाहरूको संस्थागत एवं मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने ।

(ङ) संस्थाहरूमार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीको अवसरमा अभिवृद्धि गरी गरिबी निवारणसम्बन्धी कार्यमा सघाउ पुर्‍याउने ।

(च) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५) शेयर पुँजीको संरचना :

क) अधिकृत पुँजी: विकास बैंकको अधिकृत पुँजी रु.६४,००,००,०००/- (चौसठी करोड) रहेको छ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ६४,००,०००/- (चौसठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पुँजी : विकास बैंकको तत्काल जारी पुँजी रु. ३४,६०,२३,५०० /- (चौतिस करोड साठी लाख तेइस हजार पाँच सय) रहेको छ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ३४,६०,२३५/- (चौंतीस लाख साठी हजार दुई सय पैंतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पुँजी: विकास बैंकको चुक्ता पुँजी रु. २३,०६,८२,३००/- (तेइस करोड छ लाख बयासी हजार तीन सय) रहेको छ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका २३,०६,८२३/- (तेइस लाख छ हजार आठ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात विकास बैंकको चुक्ता पुँजी रु. ३४,६०,२३,५००/- (चौतिस करोड साठी लाख तेइस हजार पाँच सय) हुनेछ ।

६) हकप्रद शेयर निष्काशन गरी बाँडफँड गरे पश्चात हुने चुक्ता पुँजीको संरचना:

शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम रू.	पुँजी संरचना	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	२४,१५,१४३	२४,१५,१४,३००	६९.८०%	१००%
सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	१०,४५,०९२	१०,४५,०९,२००	३०.२०%	१००%
जम्मा	३४,६०,२३५	३४,६०,२३,५००/-	१००%	

नोट : विकास बैंकको प्रवन्ध पत्र तथा नियमावलीमा संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको अनुपात ७० :३० भएता पनि बोनस शेयर वितरण गर्ने क्रममा खण्डित शेयरहरुको समायोजन गरिएकोले सो अनुपात ६९.८० :३०.२० हुन गएको र यस हकप्रद निष्काशन मार्फत वा भविष्यमा प्रदान गरिने बोनस शेयर मार्फत सो अनुपात मिलान गरिने ।

७) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:

सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवसम्बन्धी विवरण:

क्र.सं.	नाम	ठेगाना	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री खेम बहादुर पाठक (प्रतिनिधि साना किसान सहकारी संस्था लि.) अध्यक्ष	साना किसान सहकारी संस्था लि. चैनपुर, धादिङ्ग	बी.ए.	सन् १९८६ देखि २००२ सम्म चैनपुर गा.वि.स. (धादिङ) को अध्यक्ष, सन् १९९० देखि १९९८ सम्म साना किसान सहकारी संस्था लि. चैनपुर (धादिङ) को अध्यक्ष, सन् १९९७ देखि गा.वि.स. महासङ्घ (धादिङ) को अध्यक्ष एवं गा.वि.स. राष्ट्रिय महासङ्घ नेपालको परिषद सदस्य, सन् १९९९ देखि हालसम्म साना किसान सहकारी सङ्घ लि. धादिङको अध्यक्ष, सन् २००१ देखि हालसम्म जिल्ला सहकारी सङ्घ धादिङको उपाध्यक्ष, सन् २००८ देखि हालसम्म नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लि. को अध्यक्ष, सन् २००३ देखि २००८ सम्म साना किसान विकास बैङ्क लि. को सञ्चालक सदस्य एवं सन् २००९ देखि हालसम्म अध्यक्ष
२	श्री अनिल कुमार उपाध्याय (प्रतिनिधि कृषि बिकास बैंक लि.) सदस्य	कृषि विकास बैंक लिमिटेड, रामशाह पथ, काठमाडौं	एम.बी.ए.	कृषि विकास बैंकमा विभिन्न पदमा रही २५ वर्ष र उप महाप्रबन्धक पदमा ४ वर्ष गरी जम्मा २९ वर्षको अनुभव
३	श्री अरुण कुमार बज्राचार्य (प्रतिनिधि नेपाल बैंक लि.) सदस्य	नेपाल बैंक लि., धर्मपथ, काठमाडौं	एम.बी.ए.	नेपाल बैंकमा विभिन्न शाखाहरुमा शाखा प्रबन्धक पदमा र विगत २ वर्षदेखि मुख्य प्रबन्धक पदमा रही जम्मा २७ वर्षको अनुभव
४	श्री सुख देव न्यौपाने (प्रतिनिधि साना किसान सहकारी संस्था लि.) सदस्य	साना किसान सहकारी संस्था लि. आनन्दवन, रुपन्देही	आई.ए.	साना किसान कृषि सहकारी संस्था लि. आनन्दवनको अध्यक्ष पदमा रही २१ वर्ष सहकारी सम्बन्धी अनुभव
५	श्री रविन्द्र यादव (प्रतिनिधि साना किसान सहकारी संस्था लि.) सदस्य	साना किसान सहकारी संस्था लि. बन्चौरी, महोत्तरी	बी.ए.	साना किसान कृषि सहकारी संस्था लि.बन्चौरीको अध्यक्ष पदमा रही १४ वर्ष सहकारी सम्बन्धी अनुभव
६	श्री उमेश लम्साल (प्रतिनिधि सर्वसाधारण शेयरधनी) सदस्य	ताक्लुङ्ग, गोर्खा	एम.बी.एस.	भ्यालि इन्भेष्ट एण्ड म्यानेजमेन्ट सर्भिसेज प्रा. लि. को प्रबन्ध निर्देशक पदमा ५ वर्षदेखि कार्यरत, लेखा वित्त एंव शिक्षण पेशामा विगत १२ वर्षको अनुभव ।
७	भुपेश छत्कुल्ली (प्रतिनिधि सर्वसाधारण शेयरधनी) सदस्य	चैनपुर-४, धादिङ्ग	एम.एस.सी	शैक्षिक उद्यमी, काठमाडौं बर्नहार्ट कलेजको संस्थापक तथा वि.सं.२०५४ देखि हालसम्म शिक्षण पेशामा संलग्न

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : जलन कुमार शर्मा

पद : प्रमुख कार्यकारी अधिकृत

ठेगाना : काठमाडौं-३४, पुरानो बानेश्वर, मितेरीमार्ग, काठमाडौं

योग्यता : एम.बी.ए., एम.एस.सि., बी.एल.

अनुभव : सन् १९७७ मा कृषि विकास बैंकको अधिकृत पदबाट सेवा आरम्भ, सन् १९९८ देखि सो बैङ्कको उपमहाप्रबन्धक र सन् २००२ देखि २००३ सम्म का.मु. महाप्रबन्धक, सन् २००३ देखि २००५ सम्म साना किसान विकास बैंक लि.को महाप्रबन्धक, सन् २००५ देखि २००७ सम्म बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको रजिष्ट्रार, सन् २००९ देखि हालसम्म साना किसान विकास बैंक लि. को प्रमुख कार्यकारी अधिकृत

८) सञ्चालक समितिको बनौट:

विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छ ।

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित र मनोनित सञ्चालकहरु	५ जना
"ख" समूहका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	**८ जना**

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ

९) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :

विकास बैंकले शेयरको हकप्रद निष्काशन प्रयोजनका लागि गर्ने शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयर को २ :१ (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) अनुपातमा हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००।- को दरले भुक्तानी माग गर्ने गरी रु. ११,५३,४१,२००।- शेयर पुँजी बराबर प्रति शेयर रु. १००।- अंकित दरका ११,५३,४१२ कित्ता शेयरको हकप्रद निष्काशन गरिएको छ ।

१०) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने शेयरको हकप्रद निष्काशन (Right Shares) को लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको २ : १ (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिंदा हकप्रद वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् । यसरी खण्डित हकप्रद शेयरलाई माथिल्लो नजिकको पूरा शेयरमा बाँडफाँड गर्ने निर्णय विकास बैंकको सञ्चालक समितिले गर्नेछ । यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरका लागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयर बापत नजिकको माथिको पूरा शेयरमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ ।

तर यस हकप्रद शेयर निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ । यदि कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरको आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्त साथ प्रति शेयर रु.१००/- को दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

११) कम्पनीको विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ सम्बन्धी विवरण:

वासलात (रु. हजारमा)

विवरणहरु	वास्तविक २०६८/६९	वास्तविक २०६९/७०	वास्तविक २०७०/७१	अपरिष्कृत* २०७१/७२	प्रक्षेपित** २०७२/७३	प्रक्षेपित** २०७३/७४	प्रक्षेपित** २०७४/७५
पुँजी तथा दायित्व							
१. शेयर पुँजी	१४०,०००.००	१७३,०००.००	२३०,६८२.००	२३०,६८२.००	३४६,०२३.००	३४६,०२३.००	३४६,०२३.००
२. जगेडा तथा कोषहरु	३४८,५३५.००	५४०,३१२.००	६१५,९६५.००	७७६,६९८.९०	९४५,७४६.५७	१,१७५,६५६.५६	१,४६२,९५१.९५
३. ऋणपत्र तथा वण्ड	–	–	–	–	–	–	–
४. तिर्न बाँकी कर्जा तथा सापट	३,२०७,४४८.००	३,७८९,३११.००	५,२२३,५४४.००	७,१७९,८३०.००	१०,१५३,९७९.४०	१३,२७४,७६८.२१	१७,३२२,५०९.९७
५. निक्षेप दायित्व	–	–	–	–	–	–	–
६. भुक्तानी दिनुपर्ने बिलहरु	–	–	–	–	–	–	–
७. प्रस्तावित नगद लाभांश	–	२२,६३२.००	३६,४२४.००	–	–	–	–
८. आयकर दायित्व	२९०.००	४,५०९.००	३३०.००	१,३१३.००	१,५७५.६०	१,८९०.७२	२,२६८.८६
९. अन्य दायित्व	२५२,०३७.००	३६४,३३१.००	४९९,७०४.००	६९८,७०८.००	९९४,९३४.४६	१,२८९,४५३.३४	१,६६७,५१६.७६
कुल पुँजी तथा दायित्व	**३,९४८,३१०.००**	**४,८९४,०९५.००**	**६,६०६,६४९.००**	**८,८८७,२३१.९०**	**१२,४४२,२५९.०३**	**१६,०८७,७९१.८३**	**२०,८०१,२७०.५५**
सम्पत्ती							
१. नगद मौज्दात	१,६३२.००	८७०.००	१२३.००	१४६.००	२,०३०.८०	२,६५४.९५	३,४६४.५०
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१५,०००.००	२७,४७४.००	३१,४६६.००	३७,५००.००	५५,८४६.८९	७३,०११.२३	९५,२७३.८०
३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	१८९,५७९.०१	१७७,७३६.०१	१४८,८२७.२७	२२७,७८१.७५	१७८,६३८.७८	२२०,७१४.१२	२८८,८१२.१७
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	९३४,७१६.००	९१७,०७१.००	८५७,८९१.००	३६३,२५८.००	६०२,१३०.९८	७८९,१९३.७५	१,०२७,२२४.८४
५. लगानी	१४०,५४७.००	१४०,०१०.००	२०१,०१०.००	२०१,०१०.००	२२१,०१०.००	२२०,०१०.००	२२०,०१०.००
६. कर्जा सापट	२,६२०,२५३.९९	३,५७२,४३०.९९	५,३०५,८११.७३	७,९८१,४४२.१५	११,१५०,९६६.७२	१४,४८४,६८९.५७	१८,८१०,८०६.२७
७. स्थिर सम्पत्ति	८,७३७.००	१८,८२३.००	१५,२०७.००	१३,५८४.००	१५७,६७७.८८	२१६,६३२.८१	२६२,०७९.४७
८. गैर वैकिङ्ग सम्पत्ति	–	–	–	–	–	–	–
९. अन्य सम्पत्तिहरु	३७,८४५.००	३९,६८०.००	४६,३१३.००	६२,५१०.००	७३,९५७.००	८२,८८५.४०	९३,५९९.४८
कुल सम्पत्ति	**३,९४८,३१०.००**	**४,८९४,०९५.००**	**६,६०६,६४९.००**	**८,८८७,२३१.९०**	**१२,४४२,२५९.०३**	**१६,०८७,७९१.८३**	**२०,८०१,२७०.५५**

नाफा नोक्सान हिसाब (रु. हजारमा)

विवरणहरु	वास्तविक २०६८/६९	वास्तविक २०६९/७०	वास्तविक २०७०/७१	अपरिष्कृत* २०७१/७२	प्रक्षेपित** २०७२/७३	प्रक्षेपित** २०७३/७४	प्रक्षेपित** २०७४/७५
आम्दानी							
ब्याज आम्दानी	२८७,९२७.००	३३४,७८०.००	४०८,१२९.००	५५८,४११.००	७८७,१७९.२३	१,०६९,२५९.५३	१,४१४,०२५.२५
ब्याज खर्च	१४६,३४९.००	१५५,०१०.००	१७७,२८९.००	१९९,११४.००	३०८,५२९.९८	४२८,४०८.७५	५८४,७९६.८१
खुद ब्याज आम्दानी	**१४१,५७८.००**	**१७९,७७०.००**	**२३०,८४०.००**	**३५९,२९७.००**	**४७८,६४९.२५**	**६४०,८५०.७८**	**८२९,२२८.४४**
कमिशन तथा डिस्काउण्ट	११६.००	९.००	१३.००	–	–	–	–
अन्य संचालन आम्दानी	१२८.००	१,०६३.००	१,८४४.००	१८५.००	२४०.५०	२८८.६०	३४६.३२
सटही घटवढ आम्दानी	–	–	–	–	–	–	–
कूल सञ्चालन आम्दानी	**१४१,८२२.००**	**१८०,८४२.००**	**२३२,६९७.००**	**३५९,४८२.००**	**४७८,८८९.७५**	**६४१,१३९.३८**	**८२९,५७४.७६**
कर्मचारी खर्च	२०,०५०.००	२२,०५०.००	२७,०८७.००	३५,८७७.००	८५,१९३.१०	११०,७५१.०३	१४३,९७६.३४
कार्यालय सञ्चालन खर्च	१२,४१९.००	१९,२९१.००	२७,२०५.००	२९,२४६.००	५३,५८४.१३	७५,५०९.९७	९९,९५६.१०
सटही घटबढ नोक्सान	–	–	–	–	–	–	–
सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा	**१०९,३५३.००**	**१३९,५०१.००**	**१७८,४०५.००**	**२९४,३५९.००**	**३४०,११२.५३**	**४५४,८७८.३८**	**५८५,६४२.३२**
सम्भावित नोक्सानी व्यबस्थाहरु	४६,९१६.०१	१०,५६१.०१	१४,३९१.२७	५४,८९४.००	६८,३१२.४८	८१,४३२.५७	११८,०५७.७२
सञ्चालन मुनाफा	**६२,४३६.९९**	**१२८,९३९.९९**	**१६४,०१३.७३**	**२३९,४६५.००**	**२७१,८००.०५**	**३७३,४४५.८१**	**४६७,५८४.६०**
गैर सञ्चालन आम्दानी / नोक्सान	१,३९१.००	१,९५३.००	३,२७२.००	२,४१५.००	२,१७३.५०	१,९५६.१५	१,७६०.५४
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	३६,२४०.००	६,२३१.००	१४,२१२.००	–	–	–	–
नियमित कारोवारबाट भएको मुनाफा	**१००,०६७.९९**	**१३७,१२३.९९**	**१८१,४९७.७३**	**२४१,८८०.००**	**२७३,९७३.५५**	**३७५,४०१.९६**	**४६९,३४५.१३**
असामान्य कारोवारहरुवाट भएको मुनाफा/खर्च	–	–	–	–	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	१००,०६७.९९	१३७,१२३.९९	१८१,४९७.७३	२४१,८८०.००	२७३,९७३.५५	३७५,४०१.९६	४६९,३४५.१३
कर्मचारी बोनस व्यवस्था	९,०९७.०९	१२,४६५.८२	१६,४९९.७९	२१,९८९.०९	२४,९०६.६९	३४,१२७.४५	४२,६६७.७४
आयकर व्यवस्था	२७,५८१.००	३८,२१७.००	५०,९२१.००	६६,१५९.००	७४,७२०.०६	१०२,३८२.३५	१२८,००३.२२
खुद नाफा/नोक्सान	६३,३८९.९०	८६,४४१.१७	११४,०७६.९४	१५३,७३१.९१	१७४,३४६.८०	२३८,८९२.१६	२९८,६७४.१८
शेयर संख्या (हजारमा)	१,४००.००	१,७३०.००	२,३०६.८२	२,३०६.८२	३,४६०.२३	३,४६०.२३	३,४६०.२३
प्रति शेयर आम्दानी (रु)	**४५.२८**	**४९.९७**	**४९.४५**	**६६.६४**	**५०.३९**	**६९.०४**	**८६.३२**

नेटवर्थ सम्बन्धी विवरण (रु. हजारमा)

विवरणहरु	वास्तविक २०६८/६९	वास्तविक २०६९/७०	वास्तविक २०७०/७१	अपरिष्कृत* २०७१/७२	प्रक्षेपित** २०७२/७३	प्रक्षेपित** २०७३/७४	प्रक्षेपित** २०७४/७५
चुक्ता पूँजी	१४०,०००.००	१४३,०००.००	२३०,६८२.००	२३०,६८२.००	३४६,०२३.००	३४६,०२३.००	३४६,०२३.००
प्रस्तावित बोनस शेयर	–	३०,०००.००	–	–	–	–	–
जगेडा तथा कोषहरु	३४८,५३५.००	५४०,३१२.००	६१५,९६५.००	७७६,६९८.९०	९४५७४६.५७	१,१७५,६५६.५६	१,४६२,९५१.९५
जम्मा	**४८८,५३५.००**	**७१३,३१२.००**	**८४६,६४७.००**	**१,००७,३८०.९०**	**१,२९१,७६९.५७**	**१,५२१,६७९.५६**	**१,८०८,९७४.९५**
घटाउने: अपलेखन गर्न बाँकी खर्चहरु	–	–	–	–	–	–	–
जम्मा खुद सम्पत्ती (Total Networth)	**४८८,५३५.००**	**७१३,३१२.००**	**८४६,६४७.००**	**१,००७,३८०.९०**	**१,२९१,७६९.५७**	**१,५२१,६७९.५६**	**१,८०८,९७४.९५**
शेयर संख्या	१,४००.००	१,४३०.००	२,३०६.८२	२,३०६.८२	३,४६०.२३	३,४६०.२३	३,४६०.२३
प्रतिशेयर नेटवर्थ	३४८.९५	४९८.८२	३६७.०२	४३६.७०	३७३.३२	४३९.७६	५२२.७९
खुद नाफा	६३,३८९.९०	८६,४४१.१७	११४,०७६.९४	१५३,७३१.९१	१७४,३४६.८०	२३८,८९२.१६	२९८,६७४.१८
खुद सम्पत्तीमा प्रतिफल प्रतिशत	१२.९८	१२.१२	१३.४७	१५.२६	१३.५०	१५.७०	१६.५१
औषत खुद सम्पत्तीमा प्रतिफल प्रतिशत		१२.८६				१५.२४	
निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल						८.५६%	

*आ.व २०७१/७२ को अपरिष्कृत तथा व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरण ।

**प्रक्षेपित वित्तीय विवरण विकास बैंक आफैले तयार पारेको र सो विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा ए. सुवेदी एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री अपिल सुवेदीज्यू रहनु भएको छ ।

१२) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको बिक्री धितोपत्र निष्काशन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम संचालक समितिले अत्यन्त पारदर्शी तरिका जस्तै लिलाम बढाबढ द्वारा बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिने छ ।

१३) कम्पनीले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।

ख) विकास बैंकले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।

ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु ।

च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।

छ) पुँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरु ।

ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

विकास बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि विकास बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त विकास बैंकको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

१४) हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व विकास बैंकले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, परिचय नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली विकास बैंकले तोकेको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A\C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

घ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन् ।

च) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस विकास बैंकको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

छ) हकप्रद शेयर वाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा वाँडफाँड गरिनेछ ।

ज) प्रमाण पत्र बुझ्न आउँदा शेयरधनीले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा नेपाली नागरिक भएको परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१५) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण,

यस विकास बैंकको विगत तीन आर्थिक वर्ष (२०६८/६९, २०६९/७० र २०७०/७१) को शेयर कारोवारको विवरण:

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य रु.	न्युनतम शेयर मूल्य रु.	अन्तिम शेयर मूल्य रु.	शेयर कारोबार संख्या
२०६८/६९	–	–	–	–
२०६९/७०	–	–	–	–
२०७०/७१	१३९९	५५०	१३६४	६६७००४

पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण

महिना	अधिकतम शेयर मूल्य रु.	न्युनतम शेयर मूल्य रु.	अन्तिम शेयर मूल्य रु.	शेयर कारोबार संख्या
बैशाख	१५२२	१४४२	१४४५	२७६४
जेष्ठ	१४१७	९७४	१२९५	२७४०९
आषाढ	१५६०	१२७०	१५४२	४६२७७

नोट : यस विकास बैंकको शेयर मिति २०७०/०६/१४ मा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण भएको । यस विकास बैंकको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

१६) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :

क) शेयर वाँडफाँड गर्दा यस हकप्रद निष्काशन अगावै विकास बैंकले यस हकप्रद निष्काशन प्रयोजनका लागि आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मितिभन्दा अघिल्लो दिनसम्म भएको कारोवारबाट शेयर खरिद गरी शेयरधनी दर्तापुस्तिका बन्द भएको मितिले ७ (सात) कार्य दिनभित्र शेयर नामसारी तथा दाखिल खारेजका लागि विकास बैंकले नियुक्त गरेको शेयर रजिष्ट्रार (नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं) समक्ष पेश भई शेयरधनी दर्तापुस्तीकामा कायम शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको २ : १ (अर्थात विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) बराबरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई वाँडफाँड गरिनेछ । तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउनेभन्दा बढी शेयरका लागी दरखास्त दिएमा बढी शेयर वाँडफाँड गर्न विकास बैंक बाध्य हुनेछैन भने कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागी आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा धितोपत्र निष्काशन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम गरिने छ ।

ख) विकास बैंकले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर विक्रि बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको वाँडफाँड गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी वाँडफाँड भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र वाँडफाँडमा परेको शेयरधनीहरुलाई हकप्रद साधारण शेयरको प्रमाण पत्र वितरण गरी निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ ।

१७) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई वाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको प्रमाण पत्र वितरण गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

१८) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) विकास बैंकलाई सवल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पुँजी वृद्धि गर्न ।

ख) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पुँजी सङ्कलन गर्न ।

ग) विकास बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्न ।

१९) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण

हकप्रद शेयर निष्काशनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ ।

विवरण	रकम (रु.)
तरलता व्यवस्थापन अन्तर्गत बैक मौज्दात	२,८८३,५३०
थोक लघुकर्जा लगानी	११२,४५७,६७०
जम्मा	**११५,३४१,२००**

२०) निष्काशन बैंक (Bankers to the Issue) को नाम तथा ठेगाना :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा नबिल बैंक लिमिटेड, दरबारमार्ग, काठमाण्डौलाई तोकिएको छ ।

क्रम	निष्काशन बैंकको नाम	खाता नं.
१.	नबिल बैंक लिमिटेड	३५०६०१७५००००६

२१) हकप्रद शेयर विक्री खुल्ला अवधि

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा नेपाल धितोपत्रको प्रचलित निर्देशिकाको अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा साठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ ।

२२) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

क्रम	स्थानहरु
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड सेन्ट्रल प्लाजा, नारायणचौर, काठमाण्डौं
२.	साना किसान विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, तिनकुने तथा सम्पूर्ण इलाका कार्यालयहरु

उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक नविल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड नक्साल, काठमाडौं द्वारा अन्य माध्यममार्फत सुचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न व्यवस्था गरिने छ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

२३) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

यस हकप्रद निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (fundamentals) जनाउने " [ICRANP] IPO Grade 4+" प्रदान गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ । ग्रेड २, ३, र ४ मा प्रदान गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकरात्मक स्थितिलाई जनाउँदछ ।

२४) हालसालै आएको महाभुकम्पको कारणबाट विकास बैंकमा पर्नगएको असर:

हालसालै आएको महाभुकम्पको कारणबाट बैंकलाई क्षति भइसकेको स्पष्ट चित्र नआइसकेको अथवा वास्तविक क्षति भइसकेको कुनै प्रमाण फेला नपरेको तर यसैको असर स्वरुप भविष्यमा केही क्षति हुन सक्ने सामान्य आँकलनमात्र गरिएको छ । उक्त आँकलन अनुसार प्रक्षेपित वित्तीय विवरणहरुमा प्रक्षेपण गरिएको खराब कर्जा र थपकर्जा व्यवस्थाले नै उपरोक्त अनुसार आँकलन गरिएको हुन सक्ने क्षतिलाई खाम्ने देखिएको र यसले प्रक्षेपित वित्तीय विवरणहरुलाई तात्विक असर अथवा गम्भिर असर नपुर्‍याउने देखिन्छ ।

२५) गुनासो तथा सुझाव सम्बन्धी व्यवस्था:

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैकिङ्ग लिमिटेड, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा तहाँ सम्पर्क गर्न सकिनेछ ।

दरखास्त फारामको नमुना

साना किसान विकास बैंक लि.

Sana Kisan Bikash Bank Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त विकास बैंक

तिनकुने, काठमाडौं, नेपाल फोन नं. : ०१-४१११८२८, फ्याक्स नं : ०१-४१११९०१

Email:skbbl@wlink.com.np, web site: www.skbbl.com.np

को

हकप्रद शेयर खरीद दरखास्त फाराम

सि.नं.:

कोड नं.:

श्री संचालक समिति
साना किसान विकास बैंक लि.
तिनकुने, काठमाण्डौं
महाशय,

मार्फत: NABIL® INVESTMENT BANKING LTD. (A Subsidiary of Nabil Bank Ltd.) तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल काठमाडौं, नेपाल फोन नं.- ४४११६०४, ४४११७३३, फ्याक्स नं.- ४४१०५५४

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं. | DP ID | Client ID

त्यस साना किसान विकास बैंक लि.ले २:१ को अनुपातमा शेयरको हकप्रद निष्काशन प्रयोजनका लागि प्रकाशित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु को शर्त अनुसार शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७२/०८/०८ भन्दा अघिल्लो दिन सम्ममा मेरो/हाम्रो नाममा कायम..................कित्ता शेयरको २:१ (अर्थात पुरानो २ कित्ता शेयर बराबर नयाँ १ कित्ता हकप्रद शेयर) को दरले हुन आउने..........................कित्ता हकप्रद शेयर खरिद गर्न प्रति शेयर रु १००/ का दरले हुन आउने जम्मा रकम रु.....................(अक्षेरेपी ....) को भौचर/ड्राफ्ट सलग्न गरी तल उल्लोखित विस्तृत विवरण सहित यो निवेदन गरेको छु/छौं । साना किसान विकास बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएको उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर प्रमाणपत्र नम्बर(हरु)	कायम शेयर संख्या अंकमा	कायम शेयर संख्या अक्षरमा	जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता अंकमा	जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता अक्षरमा

माथी कोष्ठमा भर्न नपुगेमा छुट्टै कागजमा विवरण भर्नुभई दस्तखत सहित संलग्न गर्नुहोला ।

प्रति शेयर रु १००/- को दरले बुझाएको रकम जम्मा रु. | अक्षेरेपी

रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना | भौचर/ड्राफ्ट नं. | चेक नं.

निवेदकको पूरा नाम: नेपालीमा (श्री/श्रीमती/सुश्री/नावालक) | In English (Mr./Mrs./Miss/Minor) | USE CAPITAL LETTER

ठेगाना / Address: घर नं. / Block No. | वडा नं. / Ward No. | गा.वि.स./न.पा. / V.D.C./Municipality | जिल्ला / District | P.O.Box No\District: | Phone No. | निवेदकको ना.प्र.नं.

आवेदकको प्यान (PAN) नं. (रु दश लाख भन्दा बढी लगानी गर्ने भएमा)

बाबुको नाम / Father's Name

बाजे/पतिको नाम / Grandfather's/Husband's Name

संरक्षकको नाम (नावालकको हकमा) / Guardian's Name: (In case of Minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानुन वमोजीम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोट: १. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. धेरै शेयर प्रमाण-पत्रहरु भएमा छुट्टै सिटमा उल्लेख गरी यस दरखास्त फारामसाथ संलग्न गर्नु हुन अनुरोध छ ।
३. DEMAT तथा भौतिक शेयर दुबै भएमा छुटा छुटै फरम भर्नु पर्नेछ ।
४. रितपूर्वक नभरिएका दरखास्त हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत (Applicant's Signature)

यो रसिद हराई अर्कोले भूक्तानी लिई गएमा सो को जिम्मेवार वित्तीय संस्था हुने छैन ।

सि.नं.:

NABIL® INVESTMENT BANKING LTD. (A Subsidiary of Nabil Bank Ltd.) तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल काठमाडौं, नेपाल

रसिद
दरखास्तवालाले भर्नुपर्ने

शेयरधनी नं./परिचय नं. | हितग्राही खाता नं. | DP ID | Client ID

Applicant's Name :

Company's Name : SANA KISAN BIKASH BANK LTD.

No. of Share Requested : | Call Money per Share | Rs. 100 | Amount Deposited

Amount in words:

For Official use Only: | चेक भुक्तानी नभएमा दरखास्त फारम स्वत रद्ध हुनेछ ।

Received by:

Date: | Stamp | Code No.

निवेदकको दस्तखत (Applicant''s Signature)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NABIL® INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल काठमाडौं, नेपाल

फोन नं.- ४४११६०४, ४४११७३३, फ्याक्स नं.- ४४१०५५४

Email : nabilinvest@nabilbank.com, URL: www.nabilinvest.com.np